Intellectual Journal of Academic Research
Volume 02, Issue 01, 2025. pp.
Research Article
DoI: https://doi.org/.......................

# अभिकथन क्रियाका दृष्टिले द्वन्द्व नाटक

**जगतमणि सोती**

उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय

**लेखसार**

प्रस्तुत लेख द्वन्द्व नाटकमा प्रयुक्त अभिकथन क्रियाको विश्लेषणमा केन्द्रित रहेको छ। अभिकथन क्रिया भनेको उच्चारहरूबाट प्रत्यक्ष रूपमा व्यक्त हुने वाक्क्रिया हो। यस्तो वाक्क्रिया सामान्यतः उच्च तहका कार्य सम्पादनपरक क्रियापदहरूबाट व्यक्त हुन्छ। यस्ता उच्चारले सन्दर्भको अधीनमा रही अभिकथन शक्ति वा कार्य सम्पादन सामर्थ्य देखाउँछन्। अस्टिनले कार्य सम्पादनपरक उच्चारलाई सुस्पष्ट र अस्पष्ट भनी दुई तहमा वर्गीकरण गरेका छन्। सर्लेले पनि सुस्पष्ट र अस्पष्ट दुबै प्रकारका उच्चारमा अभिकथन शक्ति निहित रहने कुरा स्पष्ट पारेका छन्। अभिकथन क्रियालाई सर्लेको वर्गीकरणका आधारमा निश्चयार्थक, निर्देशनात्मक, अभिव्यक्तिपरक, प्रतिज्ञापरक र घोषणात्मक वर्गमा व्यवस्थित गरिएको छ। यस अध्ययनमा द्वन्द्व नाटकमा प्रयुक्त केही सीमित संवादात्मक उच्चार खण्डहरूको अभिकथन क्रियाका आधारमा विश्लेषण गरिएको छ । यस आधारमा मूल्याङ्कन गर्दा गौतमको उक्त नाटक वाक्क्रिया विश्लेषणको एउटा प्रमुख क्षेत्र अभिकथनका दृष्टिले उत्कृष्ट रहेको कुरा स्पष्ट हुन्छ।

*मुख्य शब्दावली* : अभिकथन, अस्पष्ट, उच्चार, कथोपकथन, सुस्पष्ट

**Article Info**

**Corresponding Author**
Jagatmani Soti

*Email*
sotijagatmani@gmail.com

*Article History*
Received: 27 February 2025
Accepted: 28 May 2025
Published: ... August 2025

*Cite*
Soti, J. (2024). अभिकथन क्रियाका दृष्टिले द्वन्द्व नाटक, *Intellectual Journal of Academic Research* (IJAR), *3*(1), ...... https://doi.org/...............

## विषय परिचय

द्वन्द्व नाटक प्रयोगवादी नाटककार ध्रुवचन्द गौतम (२०००) को लघु नाटक हो। गौतम आधुनिक नेपाली नाटकको तेस्रो चरणका नाटककार हुन्। २०१८ सालमा 'पिकनिक' नाटक मञ्चन गरी नाट्ययात्रा आरम्भ गरेकी गौतमका हालसम्म त्यो एउटा कुरा (२०३०), भस्मासुरको नलीहाड (२०३७), द्वन्द्व (२०३९), समानान्तर (२०४२), नाटक कसरी थाल्ने हो ? (२०५२) र कीर्तिमान (२०५३) जस्ता प्रयोगवादी शैलीका नाटकहरू प्रकाशित छन्। यस अध्ययनमा गौतमका नाटकहरू मध्ये द्वन्द्व नाटकको अभिकथन क्रियाको आधारमा वाक्क्रियापरक विश्लेषण प्रस्तुत गरिएको छ।

वाक्क्रिया सिद्धान्तको प्रतिपादन बेलायती दार्शनिक जे.एल. अस्टिन (सन् १९११–१९६०) ले गरेका हुन्। यस सिद्धान्तले भाषाको कार्य सम्पादनपरक भूमिकामा जोड दिन्छ। अस्टिनका अनुसार भाषिक उच्चारले केही सूचना मात्र दिंदैन, सञ्चारको स्थितिमा पनि परिवर्तन ल्याउँछ। यही परिवर्तन नै कार्य सम्पादन हो। अस्टिनले प्रारम्भिक चरणमा केही उच्चारलाई स्थिरार्थक र केही उच्चारलाई कार्य सम्पादनपरक भनी वर्गीकरण गरेका छन् भने पछिल्लो समयमा सबै भाषिक सञ्चार कार्य सम्पादनपरक हुन्छन् भन्ने मान्यता प्रस्तुत गरेका छन्। उनले उच्चारहरूलाई कथन क्रिया, अभिकथन क्रिया र उत्कथन क्रियाका तहमा विभाजन गरेका छन्।

अभिकथन क्रिया भनेको उच्चारहरूबाट प्रत्यक्ष रूपमा व्यक्त हुने वाक्क्रिया हो। यस्तो वाक्क्रिया सामान्यतः उच्च तहका कार्य सम्पादनपरक क्रियापदहरूबाट व्यक्त हुन्छ तर कथोपकथन वा संवादमा प्रयुक्त सबै उच्चारणमा कार्य सम्पादनपरक क्रियाको प्रयोग हुँदैन। यस्ता उच्चारले


Copyright (c) 2025: Author (s). Published by Myanglung Multiple Campus

सन्दर्भको अधीनमा रही अभिकथन शक्ति वा कार्य सम्पादन सामर्थ्य देखाउँछन् । त्यसैले अस्टिनले कार्य सम्पादनपरक उच्चारलाई सुस्पष्ट र अस्पष्ट भनी दुई तहमा वर्गीकरण गरेका छन् । सर्लेले पनि सुस्पष्ट र अस्पष्ट दुबै प्रकारका उच्चारमा अभिकथन शक्ति निहित रहने स्पष्ट पारेका छन् । यस अध्ययनमा द्वन्द्व नाटकमा प्रयुक्त केही निश्चित संवादको उच्चारहरूमा निहित प्रत्यक्ष कार्यसम्पादन वा अभिकथन शक्ति पहिचान गर्ने प्रयत्न गरिएको छ। प्रस्तुत लेख ध्रुवचन्द्र गौतमको द्वन्द्व नाटकमा प्रयुक्त संवादमा अभिकथन क्रियाको खोजी गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसलाई नेपाली साहित्य समालोचनाको क्षेत्रमा भएको नवीन प्रयोगका रुपमा लिन सकिन्छ। अत : आगामी दिनमा वाक्क्रिया सिद्धान्तको आधारमा कुनै पनि साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्न चाहने जिज्ञासु पाठक तथा अध्येताहरुको लागि यो लेख उपयोगी रहेको छ।

प्रस्तुत अध्ययन द्वन्द्व नाटकको वाक्क्रियापरक विश्लेषण सीमित रहेको छ । यसमा अस्टिन र सर्लेका वाक्क्रिया सिद्धान्त सम्बन्धी मान्यतामा आधारित रही द्वन्द्व नाटकको विश्लेषण गरिएको छ। अतः नाटकको मूल पाठमा प्रयुक्त सीमित उच्चारहरूमा निहित शक्तिलाई अभिकथन क्रियाका आधारमा मात्र विश्लेषण गर्नु यस अध्ययनको सीमा हो।

## समस्या कथन

प्रस्तुत अध्ययनको मुख्य समस्या ध्रुवचन्द्र गौतमको द्वन्द्व नाटकमा प्रयुक्त उच्चारहरूमा अभिकथन क्रियाको शक्ति के कति पाइन्छ भन्ने मूल समस्यामा केन्द्रित रहेको छ । उक्त समस्यालाई तलको प्रश्नबाट थप स्पष्ट पार्न सकिन्छ :

क) द्वन्द्व नाटकमा अघिकथन क्रियाका के कस्ता प्रकार पाइन्छन् ?

## अध्ययनको उद्देश्य

वाक्क्रिया सिद्धान्तको आधारमा ध्रुवचन्द्र गौतमको द्वन्द्व नाटकमा प्रयुक्त संवादमा अभिकथन क्रियाको खोजी गर्ने उद्देश्यमा केन्द्रित यस अध्ययनलाई तलको बुँदाबाट थप स्पष्ट पार्न सकिन्छ :

क) द्वन्द्व नाटकमा पाइने अभिकथन क्रियाका प्रकारको पहिचान गर्नु।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको लागि प्राथमिक सामग्री ध्रुवचन्द्र गौतमको द्वन्द्व नाटक रहेको छ भने वाक्क्रिया सिद्धान्तका बारेमा लेखिएका सामग्री द्वितीयक सामग्रीका रूपमा रहेका छन्। यस्ता सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययनका आधारमा गरिएको छ। सामग्री छनोट गर्दा क्रमागत पद्धतिका आधारमा द्वन्द्व नाटकमा प्रयुक्त संवादहरूलाई उच्चार खण्डहरूमा विभाजन गरी उक्त उच्चारहरूलाई समेत अलग अलग रूपमा छुट्याएर विश्लेषण गरिएको छ।

## सैद्धान्तिक स्वरूप

सामाजिक अन्तर क्रियामा पारम्परिक व्यवस्थाको अधीनमा रही सम्पन्न हुने कार्य व्यापार अभिकनथ क्रिया हो । अस्टिनले अर्थ र शक्रिका बिचको भिन्नताबाट स्पष्ट हुने अभिकथन क्रियालाई सन्दर्भ र आशयको अधिनमा रहेको उच्चार मानेका छन् । यसमा वक्ताको आशयलाई बढी महत्व दिइन्छ । उनका अनुसार उच्चारको शक्ति भनेको त्यसको अर्थ नभएर वाक् व्यवहार अनुरूपको कार्य सम्पादन हुनु हो। यदि कुनै कथनबाट जब खास आशय वा निर्देश प्राप्त हुन्छ तब त्यो कथन क्रिया हुन्छ भने त्यही कथन क्रियालाई विभिन्न आशयका साथ प्रयोग गर्दा अभिकथन क्रिया बन्दछ (लाल, सन्, २००९: ३९९)।

अस्टिनले कथन क्रियाको अर्थमा भन्दा अभिकथनको शक्तिमा बढी जोड दिँदै अभिकथनात्मक शक्तिलाई कथन क्रियाको निरन्तरता होइन भनेका छन्। बधाई, शुभकामना, समबेदना, क्षमायाचना, चेतावनी आदि कथन क्रियासँग भन्दाबढी अभिकथन शक्तिसँग सम्बन्धित छन् । यस्ता कथनमा पारम्परिक शक्ति अन्तर्निहित हुन्छ । कुनै पनि अभिकथन क्रियाको पहिचानका लागि वक्ताको आशय स्पष्ट हुन जरुरी छ । त्यसैले सामान्यतया अभिकथन क्रियाको पहिचानका निम्ति सम्पादनपरक क्रियालाई आधार मान्न सकिन्छ। अभिकथनमा केही विशिष्ट प्रकारहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । जस्तैः सम्बोधन गर्नु, प्रस्ताव गर्नु, क्षमा माग्नु, चुनौती दिनु, स्वीकार गर्नु, उजुरी गर्नु, सम्वेदना प्रकट गर्नु, शुभकामना प्रकट गर्नु, घोषणा गर्नु,

प्रशंसा गर्नु, प्रतिक्षा गर्नु, प्रस्ताव गर्नु, बधाई दिनु, अनुमति दिनु आदि (Soffman, 1983: 54)।

अभिकथनमा सामाजिक रुढी विद्यमान हुने भएकाले यसलाई जटिल खालको विनिमय प्रणाली भन्ने गरिन्छ। कतिपय अभिकथन क्रियाको विसङ्केतन (डिकोडिङ) का निम्ति श्रोताको भूमिका महत्वपूर्ण हुन्छ भने कतिपय क्रियाको विसङ्केतनका लागि सांस्कृतिक सन्दर्भहरूको ज्ञान आवश्यक पर्दछ। अभिकथन क्रिया सफल हुनका लागि श्रोताले वक्ताको आशयलाई सही रूपमा ठम्याउनु पर्दछ। भिन्न संस्कृतिको सन्दर्भमा यसले अझ बढी महत्व राख्दछ। यदि वक्ताको आशयलाई श्रोताले ग्रहण गर्न सकेन भने त्यसको हास्यास्पद स्थिति निम्त्याउन सक्दछ। यसलाई नेपालीमा 'म गर्छु आग्राका कुरा, सन्धी गर्छन् गाग्राका कुरा' भन्ने उखानले सही रूपमा व्यक्त गर्न सक्दछ (आचार्य, २०६८: ५४)।

सर्लेले पनि अस्टिनको जस्तै अभिकथन क्रियाको चर्चा गरेका छन्। अस्टिनका अनुसार कथन क्रियाको अर्थलाई र अभिकथन क्रियाले शक्तिलाई स्पष्ट्याउँछ तर सर्ले भने कतिपय अभिकथन क्रियामा अर्थले नै शक्तिलाई निर्धारण गर्दछ भन्दछन्। सर्लेले अभिकथन शक्तिको स्रोत परम्परागत मान्यता मात्र नभएर सन्दर्भ पनि हो भन्ने कुरामा जोड दिएका छन्। यस्ता अभिकथन क्रियाहरूका वक्ताले श्रोतालाई केही गर्न सोझै आदेश दिन्छन्। जस्तै – *झ्याल बन्द गर*। भनेर बुबाले भन्दा छोराले सिधै झ्याल बन्द गर्दछ। त्यस्तै, *तिमी के गर्दैछौ ?* भन्नुको मतलब प्रश्न सोध्नु मात्र होइन कुराकानी प्रारम्भ गर्ने सिलसिला पनि हो। अतः सर्लेले शक्ति वक्ताको आशयबाट उत्पन्न हुन्छ र त्यसलाई केही मात्रामा सन्दर्भले समेत साथ दिन्छ भनेका छन् (Searle, 1975: 53)।

अभिकथन क्रियाको आधार प्रथमतः प्रत्यक्ष वाक्क्रिया हो। सर्लेका अनुसार प्रत्यक्ष वाक्क्रियामा कुनै पनि उच्चारले शाब्दिक अर्थका तहबाट नै कुनै क्रिया सम्पन्न गरेको हुन्छ। अस्टिन कार्य सम्पादन वा अभिकथनका निम्ति पारम्परिक कार्य प्रणाली आवश्यक पर्दछ भन्ने धारणा राख्दछन्। उनका विचारमा प्रत्यक्ष वाक्क्रियामा वक्ता र श्रोताको सम्बन्ध सरल र सीधा हुन्छ। यस्तो सम्बन्धलाई सामान्यतया उच्चारमा प्रयुक्त शब्दावली र व्याकरणिक संरचना हेरेर पनि थाहा पाउन सकिन्छ। यस प्रक्रियामा सामान्यतः सूचनापरक उच्चारले तथ्य कथन गर्दछ भने प्रश्नार्थक उच्चारले वक्तापरक जिज्ञासा मात्र प्रकट नगरी श्रोतापरक निर्देशन पनि प्रकट गर्दछ र विध्यर्थक क्रियाले आज्ञा वा इच्छा व्यक्त गर्दछ (Halliday, 2009: 293)।

यस अध्ययनमा द्वन्द्व नाटकको विश्लेषणका क्रममा अस्टिनको कार्य सम्पादनपरक क्रिया र सर्लेको अभिकथन क्रिया सम्बन्धी दुबै मान्यतालाई आधार मानिएको छ भने अभिकथन क्रियाको वर्गीकरणमा सर्लेको मान्यतालाई मात्र आधार मानिएको छ।

## द्वन्द्व नाटकमा अभिकथन क्रिया विश्लेषण

उच्चारबाट प्रत्यक्ष रूपमा व्यक्त हुने वाक्क्रिया नै अभिकथन क्रिया हो। अतः यस अध्ययनमा द्वन्द्व नाटकका प्रयुक्त केही सीमित उच्चारहरूको अभिकथन क्रियाका आधारमा संक्षिप्त अध्ययन विश्लेषण गरिएको छ।

### पाठगत सन्दर्भ

यस अध्ययनमा प्रयुक्त पाठगत सन्दर्भका आधारमा भन्नुपर्दा पुरुष १ ले बैङ्कको खाताबाट पैसा झिक्यौ भनी स्त्री १ लाई सोधेको प्रश्नबाट विषय आरम्भ भएको छ। हिजो शनिबार भएको प्रसङ्ग र आज खातामा पैसा नभएको प्रसङ्ग उल्लेख गरिएको छ। आफूले खेलको झोकमा सबै साथीहरूलाई भोलि खानाको निम्ता दिएको र उनीहरू सबै भोलि नआई नछाड्ने कुराको जानकारी पुरुष १ ले स्त्री १ लाई गराएपछि स्त्री १ ले कुनै उपाय सोच्न आग्रह गरेकी छ। सबै खाले उपायहरूको बारेमा आफूले पहिल्यै उनीहरूलाई बताएको हुनाले यसपालि कुनै नयाँ उपाय सोच्नको लागि पुरुष १ ले स्त्री १ लाई आग्रक गरेको छ। स्त्री १ ले पनि आफ्नो क्षमताले भ्याएसम्मका सबै उपायहरूको विकल्प प्रस्तुत गर्दछे। कुनै उपायले काम नगर्ने भएपछि नाट्य श्रृङ्खलामा विषयान्तर देखा पर्दछ र नाटकको पुनः द्वन्द्वात्मक मोड प्राप्त गर्दछ। यसमा जीवन भोगाइ प्रतिका असन्तुष्टीहरू छुताछुल्ल रूपमा प्रकट भएको देखिन्छ। यही नै यस अध्ययनमा प्रयुक्त नाट्यांशको मूल पाठगत सन्दर्भ हो।

### अभिकथन शक्ति विश्लेषण

अभिकथन क्रिया भनेको उच्चारहरूबाट प्रत्यक्ष रूपमा व्यक्त हुने वाक्क्रिया हो। यस्तो वाक्क्रिया सामान्यतः उच्च तहका कार्य सम्पादनपरक क्रियापदहरूबाट व्यक्त हुन्छ। यस्तचा उच्चारले सन्दर्भको अधीनमा री अभिकथन शक्ति वा कार्य सम्पादन सामर्थ्य देखाउँछन्। अटिनले कार्य सम्पादनपरक उच्चारणलाई सुस्पष्ट र अस्पष्ट भनी दुई तहमा वर्गीकरण गरेका छन्। सर्लेले पनि सुस्पष्ट र अस्पष्ट दुबै प्रकारका उच्चारमा अभिकथन शक्ति निहित रहने स्पष्ट पारेका छन्। अभिकथन क्रियालाई सर्लेको वर्गीकरणका आधारमा निश्चयार्थक, निर्देशनात्मक, अभिव्यक्तिपरक, प्रतिज्ञापरक र घोषणात्मक वर्गमा व्यवस्थित पनि गरिएको छ। सोही आधारमा यस अध्ययनमा द्वन्द्व नाटकमा प्रयुक्त केही सीमित संवादात्मक उच्चार खण्डहरूको अभिकथन क्रियाका आधारमा विश्लेषण गरिएको छ।

### निश्चयमूलक अभिकथन

वक्ताले प्रतिज्ञप्तिको सत्यतामा आफ्नो दृढता व्यक्त गर्नु निश्चयमूलक अभिकथन हो। यस्ता वाक्क्रियाले भौतिक संसारका वस्तुस्थितिको विवरण दिन्छन्। यस्ता वाक्क्रियाले सत्यता र असत्यताको मूल्य वहन गरेका हुन्छन्। फलतः प्रतिद्वतामूलक वाक्क्रियामा व्यक्त प्रतिज्ञप्ति वास्तविक संसारमा सत्य देखियो भने उक्त उच्चार सत्यकथन र देखिएन भने उक्त असत्य कथन हुन्छ। कतिपय अवस्थामा यस्ता क्रियाले मानसिक स्थितिको विवरण पनि दिन सक्दछन्। विश्वास गर्नु, निश्चित गर्नु, निर्णय गर्नु, बताउनु, निष्कर्ष निकाल्नु आदि प्रतिबद्धतामूलक वाक्क्रियाका केही उदाहरणहरू हुन्। अतः यहाँ द्वन्द्व नाटकमा प्रयुक्त केही निश्चयमूलक उच्चारहरूलाई अभिकथन क्रियाको आधारमा विश्लेषण गरिएको छ।

***५४.२ हिजो तिमीले बैंकबाट पैसा झिक्नु थियो।***

यो सन्दर्भको अधीनमा रहेको उच्चार हो। यसमा उद्देश्यका स्थानमा रहेको 'तिमी' ले सहभागी पुरुष १ लाई सङ्केत गरेको छ र उसले 'हिजो बैंकबाट पैसा झिक्नु पर्ने थियो' भनी सामान्य तथ्य सङ्केत गरिएको छ। यसैले यस उच्चारणले निश्चयमूलक कार्य सम्पादन गरेको छ।

***५५.१ हिजो शनिवार रहेछ।***

यो कार्य सम्पादन क्रिया नभएको र अस्पष्ट प्रकृतिको उच्चार हो। व्याकरणिक विशेषताका आधारमा यसलाई *हिजो शनिवार भएको कुरा म तिमीलाई जानकारी गराउँछु* भनी सुस्पष्ट निश्चयार्थक अभिकथन बनाउन सकिन्छ। यस उच्चारको प्रयोगद्वारा वक्ताले श्रोतालाई केही कुरा जानकारी दिएको छ।

***५६.१ आज खातामा पैसा रहेन छ।***

यो कार्य सम्पादन क्रिया नभएको र अस्पष्ट प्रकृतिको उच्चार हो। व्याकरणिक विशेषताका आधारमा यसलाई *आज खातामा पैसा नभएको कुरा म तिमीलाई जानकारी गराउँछु* भनी सुस्पष्ट निश्चयार्थक अभिकथन बनाउन सकिन्छ। यस उच्चारको प्रयोगद्वारा वक्ताले श्रोतालाई केही कुरा जानकारी दिएको छ।

***५८.१ आज चेक लिएर हेर्न जाँदा खातामा दश रुपियाँ मात्र रहेछ।***

यो उच्चार सन्दर्भ आश्रित वाक्क्रिया हो। जसमा उद्देश्यका स्थानमा रहेको 'आज' पदले सहभागीहरू वार्तालाप गरिरहेको क्षणलाई सङ्केत गरेको छ र यसको विधेय स्थानमा भने अज्ञात पक्षको क्रिया प्रयोग गरिएको छ। अतः यो उच्चार निश्चयमूलक वाक्क्रिया हो।

***५९.१ यो यस युगको सबभन्दा ठूलो दुर्घटना हो।***

यो उच्चारमा कार्य सम्पादन क्रिया प्रयोग गरिएको छैन। व्याकरणिक विशेषताका आधारमा यस उच्चारलाई *यो यस युगेको सबभन्दा ठूलो दुर्घटना भएको कुरा म तिमीलाई जानकारी गराउँछु* भनी निश्चयार्थक सुस्पष्ट अभिकथन बनाउन सकिन्छ। यस उच्चारको प्रयोगद्वारा वक्ताले श्रोतालाई केही कुरा जानकारी दिएको छ।

***६०.१ यो त्यो दश रुपियाँ थियो, जुन झिकेपछि खातै टुट्छ।***

यो कार्य सम्पादन क्रिया नभएको र अस्पष्ट प्रकृतिको उच्चार हो। व्याकरणिक विशेषताका आधारमा यसलाई *दश रुपियाँ झिकेपछि खाता टुट्ने कुरा म तिमीलाई जानकारी गराउँछु* भनी सुस्पष्ट निश्चयार्थक अभिकथन बनाउन सकिन्छ। यस उच्चारको प्रयोगद्वारा वक्ताले श्रोतालाई केही कुरा जानकारी दिएको छ।

*६०.२ खाता तोड्न फेरि तिम्रो अर्कै दरखास्त चाहिन्छ।*

यो कार्य सम्पादन क्रिया नभएको र अस्पष्ट प्रकृतिको उच्चार हो। व्याकरणिक विशेषताका आधारमा यसलाई *खाता तोड्नको लागि तिम्रो दस्तखत चाहिने कुरा म तिमीलाई जानकारी गराउँछु* भनी सुस्पष्ट निश्चयार्थक अभिकथन बनाउन सकिन्छ। यस उच्चारको प्रयोगद्वारा वक्ताले श्रोतालाई केही कुरा जानकारी दिएको छ।

**निर्देशननात्मक अभिकथन**

निर्देशनात्मक अभिकथनमा वक्ताले श्रोताभलाई केही कार्य गर्न प्रवृत्त गराउँछ। यस्ता वाक्क्रिया परम्परागत व्याकरणमा चर्चा गरिएका आज्ञार्थक क्रियासँग निकट हुन्छन्। सर्लेले पनि भनेका छन् निर्देशनात्मक वाक्क्रियाको उच्चतम अभिव्यक्ति भनेको आज्ञार्थक क्रिया नै हो। यस्ता क्रियाले बाध्यात्मक रूपमा भौतिक स्थितिमा परिवर्तन ल्याउँछन्। अस्टिनले यिनीहरूलाई अनुभवमूलक र व्यवहारमूलक क्रिया अन्तर्गत राखेको पाइन्छ। यस्ता वाक्क्रियाहरूमा सोध्नु, आज्ञा दिनु, चेतना दिनु, चुनौती दिनु, निर्देशन दिनु, आरोपित गर्नु, दोषरोपण गर्नु, सम्बोधन गर्नु, प्रश्न गर्नु, आग्रह गर्नु, प्रस्ताव राख्नु, बाध्य गराउनु, अनुरोध गर्नु जस्ता क्रिया पर्दछन्।

द्वन्द्व नाटकमा सुस्पष्ट प्रकृतिका निर्देशनात्मक कार्य सम्पादन क्रियाको प्रयोगकर्ता पाइँदैन तर वाक्यको बाह्य व्याकरणिक संरचनाका आधारमा सुस्पष्ट हुने निर्देशनात्मक उच्चार भने प्रशस्त प्रयोग गरिएको पाइन्छ। यस्ता उच्चारको विश्लेषण तल गरिएको छ।

*५४.३ **झिक्यौ** ?*

यो उच्चारक भविष्यमुखी कथन भए पनि कार्य सम्पादन क्रिया र व्याकरणिक विशेषता नभएको अस्पष्ट प्रकृतिको अभिकथन हो। यसलाई तिमीले बैंकबाट पैसा झिक्यौ भनी *म प्रश्न गर्छु* भन्ने खालको व्याकरणिक विशेषता र कार्य सम्पादन क्रिया सहितको सुस्पष्ट अभिकथन बनाउन सकिन्छ। यसमा निहित प्रश्न श्रोतापरक निर्देश भएको हुँदा यो उच्चार निर्देशनात्मक अभिकथन भएको कुरा स्पष्ट हुन्छ।

*५५.२ **आज नि** ?*

यो उच्चारक भविष्यमुखी कथन भए पनि कार्य सम्पादन क्रिया र व्याकरणिक विशेषता नभएको अस्पष्ट प्रकृतिको अभिकथन हो। सङ्कथन व्याकरणका आधारमा यसलाई *तिमीले आज नि बैंकबाट पैसा झिकिनौ भनीम प्रश्न गर्छु* भन्ने खालको व्याकरणिक विशेषता र कार्य सम्पादन क्रिया सहितको सुस्पष्ट अभिकथन बनाउन सकिन्छ। यसमा निहित प्रश्न श्रोतापरक निर्देश भएको हुँदा यो उच्चार निर्देशनात्मक अभिकथन भएको कुरा स्पष्ट हुन्छ।

*५७.१ **के भन्छ्यौ तिमी** ?*

यो उच्चारक भविष्यमुखी कथन भए पनि कार्य सम्पादन क्रिया र व्याकरणिक विशेषता नभएको अस्पष्ट प्रकृतिको अभिकथन हो। सङ्कथन व्याकरणका आधारमा यसलाई *तिमी मलाई के भन्छ्यौं भनी प्रश्न गर्छु* भन्ने खालको व्याकरणिक विशेषता र कार्य सम्पादन क्रिया सहितको सुस्पष्ट अभिकथन बनाउन सकिन्छ। यसमा निहित प्रश्न श्रोतापरक निर्देश भएको हुँदा यो उच्चार निर्देशनात्मक अभिकथन भएको कुरा स्पष्ट हुन्छ।

*५९.२ **तै पनि काम चल्थ्यो कि** ?*

यो उच्चारक भविष्यमुखी कथन भए पनि कार्य सम्पादन क्रिया र व्याकरणिक विशेषता नभएको अस्पष्ट प्रकृतिको अभिकथन हो। सङ्कथन व्याकरणका आधारमा यसलाई *तिमीले आज थोरै भए पनि पैसा झिकेको भए काम चल्थ्यो कि भनीम जिज्ञासा राख्छु* भन्ने खालको व्याकरणिक विशेषता र कार्य सम्पादन क्रिया सहितको सुस्पष्ट अभिकथन बनाउन सकिन्छ। यसमा निहित जिज्ञासाका आशयात्मक रूपमा श्रोतापरक निर्देश भएको हुँदा यो उच्चार निर्देशनात्मक अभिकथन भएको कुरा स्पष्ट हुन्छ।

*६२.१ **दश रुपियाँका लागि खाता तोड्दा लाज हुँदैन** ?*

यो उच्चारक भविष्यमुखी कथन भए पनि कार्य सम्पादन क्रिया र व्याकरणिक विशेषता नभएको अस्पष्ट प्रकृतिको अभिकथन हो। सङ्कथन व्याकरणका आधारमा यसलाई *दश रूपैयाँको लागि खाता तोड्दा लाज हुँदैन ?* भन्ने खालको प्रश्न गरी व्याकरणिक विशेषता र कार्य सम्पादन क्रिया सहितको सुस्पष्ट अभिकथन बनाउन सकिन्छ। यसमा निहित जिज्ञासाका आशयात्मक रूपमा श्रोतापरक निर्देश भएको हुँदा यो उच्चार निर्देशनात्मक अभिकथन भएको कुरा स्पष्ट हुन्छ।

७२.१ ***मैले सुसी भनिनँ र ?***

यो उच्चारक भविष्यमुखी कथन भए पनि कार्य सम्पादन क्रिया र व्याकरणिक विशेषता नभएको अस्पष्ट प्रकृतिको अभिकथन हो। सङ्कथन व्याकरणका आधारमा यसलाई *मैले तिमीलाई त्यतिबेला सुसी भनिन र ?* भन्ने खालको व्याकरणिक विशेषता र कार्य सम्पादन क्रिया सहितको सुस्पष्ट अभिकथन बनाउन सकिन्छ । यसमा निहित जिज्ञासाका आशयात्मक रूपमा श्रोतापरक निर्देश भएको हुँदा यो उच्चार निर्देशनात्मक अभिकथन भएको कुरा स्पष्ट हुन्छ।

**अभिव्यक्तिपरक अभिकथन**

कुनै अवस्थाका बारेमा वक्ताले आफ्नो आन्तरिक विश्वास व्यक्त गर्नु अभिव्यक्तिमूलक अभिकथन हो । यस्तो विश्वास वक्तापरक हुने हुँदा त्यसले भौतिक स्थितिमा परिवर्तन नल्याई वक्ता र श्रोताको मनोजगतमा मात्र परिवर्तन ल्याउँछ। बधाइ दिनु, धन्यवाद दिनु, स्वागत गर्नु, समवेदना प्रकट गर्नु, शुभकामना दिनु, एक्यबद्धता प्रकट गर्नु, सम्भावना प्रकट गर्नु, स्पष्टीकरण दिनु, सल्लाह दिनु, चिन्ता प्रकट गर्नु, चाहना राख्नु, विश्वास दिलाउनु जस्ता क्रियाहरूले अभिव्यक्तिमूलक वाक्क्रिया व्यक्त गर्दछन्। द्वन्द्व नाटकमा प्रयोग भएको केही अभिव्यक्तिपरक अभिकथनको विशेषण तल गरिएको छ।

५४.१ ***त्यसो भए मैले सम्झें,***

यस उच्चारले बाह्य व्याकरणिक संरचनाका तहमा वक्तापरक सम्झनालाई प्रकट गरेको छ र वक्ताले के कुरा सम्झेको हो भन्ने कुरा पश्चसन्दर्भबाट बुझिएको छ। सम्झना वक्तापरक इच्छा भएको हुँदा यसले अभिव्यक्तिमूलक कार्य सम्पादन गरेको छ।

६६.१ ***मैले तिमीसित अथवा खातामा रकम कलम होला भन्ठाने ।***

यस उच्चारले पनि संयुक्त क्रियाको रचनाद्वारा वक्तापरक सम्झनालाई प्रकट गरेको छ र वक्ताले के कुरा सम्झेको वा ठटानेको कुरा उच्चारमा सुस्पष्ट रूपमा व्यक्त भएको छ । सम्झना गर्नु वा भनी ठान्नु वक्तापरक इच्छा भएको हुँदा यसले पनि अभिव्यक्तिमूलक कार्य सम्पादन गरेको छ।

९६.४ ***चिरेर हेर्ने हो भने आलो-पालो यहि देखिन्छ ।***

यो कार्य सम्पादन क्रिया नभएको अस्पष्ट प्रकृतिको उच्चारको हो । बाह्य व्याकरणिक विशेषताका आधारमा यसलाई चिरेर हेर्ने हो भने आलोपालो यहि देखिन्छ भनी म सङ्केत गर्दछु भनी सुस्पष्ट उच्चारण बनाउन सकिन्छ। यस आधारमा यो उच्चार अभिव्यक्तिमूलक अभिकथन हो भन्ने स्पष्ट हुन्छ।

९९.२ ***म तिम्रो सपनामा केही रमाइलो छर्किने इच्छा राख्दछु ।***

यस उच्चारमा 'इच्छा राख्नु' जस्तो उच्च स्तरको कास क्रिया प्रयोग गरिएको छ र यसको उच्चार व्याकरणिक संरचनाका तहमा नै अभिव्यक्तिमूलक कार्य सम्पादन गरेको देखिएको छ।

१०५.१ ***त्यस जंगलमा त म आफै कर्त झुडिएको छु ।***

यो कार्य सम्पादन क्रिया नभएको अस्पष्ट प्रकृतिको उच्चारको हो। व्याकरणिक विशेषताका आधारमा यसलाई *त्यस जंगलमा त म आफै कर्त झुण्डिएको कुरा स्वीकार गर्दछु* भनी सुस्पष्ट बनाउन सकिन्छ । यस आधारमा यो उच्चार अभिव्यक्तिमूलक कार्य सम्पादन हो भन्ने स्पष्ट हुन्छ।

**प्रतिज्ञामूलक अभिकथन**

भविष्यमा गरिने कुनै कार्यको निम्ति वक्ताले गरेको अठोटलाई प्रतिज्ञामूलक अभिकथन भनिन्छ। यस्तो क्रिया इच्छार्थक भावसँग निकट हुन्छ। यस वर्गका क्रियापदले वक्ताको अभिप्राय वा प्रतिबद्धता सूचित गर्दछन् । प्रतिज्ञामूलक वाक्क्रियामा वक्तापरक परिवर्तन अपेक्षित हुन्छ। कुनै कुराको दायित्व लिदा क्रियाको प्रयोग हुन्छ । वाचा गर्नु, सहमति दिनु, अनुमति दिनु, प्रत्याभूति दिनु, स्पष्टीकरण दिनु, घुर्की लगाउनु, कसम खानु, अठोट गर्नु, प्रतिज्ञा गर्नु, किरिया खानु, सपथ ग्रहण गर्नु प्रत्याभूति दिनु आदि यस्तै प्रकृतिका क्रिया हुन्। यहाँ तालिका नं. ३ मा प्रयुक्त प्रतिज्ञामूलक उच्चारहरको विश्लेषण प्रस्तुत गरिएको छ।

१०९.१ ***म तिम्रो सपनाको कुनै इन्तिजाम मिलाएर आउँछु ।***

यो उच्चार व्याकरणिक विशेषता र कार्य सम्पादन क्रिया नभएको अस्पष्ट प्रकृतिको उच्चारको हो तर यसमा

प्रयुक्त क्रियापदले आर्थी तहमा वक्तापरक प्रतिबद्धता जनाएको छ । यस आधारमा यस उच्चारलाई *म तिम्रो सपनाको कुनै इन्तिजाम मिलाएर आउने वाचा गर्दछु* भनी प्रतिज्ञापरक सुस्पष्ट अभिकथन बनाउन सकिन्छ।

### घोषणामूलक अभिकथन

बाह्य परिस्थितिमा हस्तक्षेपकारी भूमिकामा सहित परिवर्तन ल्याउन सक्ने उच्चार घोषणात्मक अभिकथन हुन् । यस्ता वाक्क्रिया पनि वकरूपतापरक नै हुन्छन् तर कथन सन्दर्भमा वक्ताको सामाजिक हैसियत संस्थागत प्रतिनिधिका रूपमा रहेको हुन्छ । अस्टिनले वाक्क्रिया अन्तर्गत प्राथमिक दिएर चर्चा गरेका क्रिया यिनै हुने । घोषणा गर्नु, राजिनामा दिनु, फैसला गर्नु जस्ता क्रियाहरू यस वर्गमा पर्दछन् । द्वन्द्व नाटकमा सहभागी वैयक्तिक प्रकृतिका सामान्य पात्र भएका हुँदा उनीहरूका संवादमा घोषणात्मक अभिकथन प्रयोग भएको पाइन्न।

### निष्कर्ष

अभिकथन क्रिया भनेको उच्चारहरूबाट प्रत्यक्ष रूपमा व्यक्त हुने वाक्क्रिया हो। यस्तो वाक्क्रिया सामान्यतः उच्च तहका कार्य सम्पादनपरक क्रियापदहरूबाट व्यक्त हुन्छ तर कथोपकथन वा संवादमा प्रयुक्त सबै उच्चारमा कार्य सम्पादनपरक क्रियाको प्रयोग हुँदैन। यस्ता उच्चारले सन्दर्भको अधीनमा रही अभिकथन शक्ति वा कार्य सम्पादन सामर्थ्य देखाउँछन् । यसैले अस्टिन कार्य सम्पादनपरक उच्चारलाई सुस्पष्ट र अस्पष्ट भनी वर्गीकरण गर्दछन् । सर्लेले पनि सुस्पष्ट र अस्पष्ट दुबै प्रकारका उच्चारमा अभिकथन शक्ति निहित रहने स्पष्ट पारेका छन्। गौतमद्वारा लिखित द्वन्द्व नाटकलाई अभिकथन शक्तिका आधारमा मूल्याङ्कन गर्दा यस खण्डमा प्रस्तुत संवाद अंशमा प्रयुक्त उच्चारहरूलाई निश्चयमूलक, निर्देशनात्मक, प्रतिज्ञामूलक, घोषणात्मक र अभिव्यक्तिमूलक गरी पाँच वर्गमा विभाजन गरिएको छ । यसमा प्रयुक्त अधिकांश उच्चारहरू निश्चयमूलक र निर्देशनात्मक खालका छन्। घोषणात्मक, प्रतिज्ञामूलक र अभिव्यक्तिमूलक उच्चारहरू ज्यादै न्युन मात्रामा प्रयोग भएका छन्। जसमा सुस्पष्ट कार्यसम्पादन शक्तिको अभाव रहेको पाइन्छ। सन्दर्भको अधिनमा रहेर आमशयात्मक दृष्टिले हेर्दा उच्चारमा निहित अभिकथन शक्ति प्रवल रूपमा देखिएता पनि सामान्य अवस्थामा भने प्रत्यक्ष अभिकथन शक्ति दुर्बल रहेको पाइन्छ।

### सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक तथा प्रायोगिक भाषा विज्ञान* (ते.सं), काठमाडौं : रत्न पुस्तक भण्डार ।

अस्टिन, जे.एल.(सन् १९६१), *हाउ टू डू थिङ्स विथ वर्डस्,* यूकेः अक्सफोर्ड युनिभर्सिटी प्रेस।

आचार्य, व्रतराज (२०६७), अस्टिनको वाक्क्रिया सिद्धान्तका प्रमुख स्थापना, *वाङ्मय,* पूर्णाङ्क १४, काठमाडौं : नेपाली केन्द्रीय विभाग, पृ. १–९।

आचार्य व्रतराज (२०६८), *वाक्क्रिया सिद्धान्त र साहित्य, रत्न बृहत् नेपाली समालोचना,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.) काठमाडौं : रत्नपुस्तक भण्डार, पृ. ५४२– ५६९।

एटम, नेत्र (२०६१) *समालोचनाको स्वरुप,* ललितपुर : साझा प्रकाशन।

खतिवडा, लिलाधर (२०६४) *ध्रुवचन्द्र गौतमको नाट्यकारिता* (स्नातकोत्तर शोधपत्र), त्रि.वि. कीर्तिपुर।

गौतम ध्रुवचन्द्र (२०५६) *भस्मासुरको नलिहाड र अन्य नाटकहरु,* रोशन थापा (नीरव) (सम्पा.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

थापा, रोशन नीरव (२०५९) *भस्मासुरको नलीहाड र अन्य नाटकहरु,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

दाहाल, कुमराज (२०४७) *साहित्यकार ध्रुवचन्द्र गौतमका कृतिहरुको अध्ययन* (स्नातकोत्तर शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर।

बन्धु, चूडामणि (२०५३), *भाषा विज्ञानका सम्प्रदाय,* काठमाडौं : अक्षर सदन।

बन्धु, चूडामणि (२०५७), *प्रयोगार्थ विज्ञान,* पाठ्यक्रम विकास पत्रिका, १९:३३, पृ. ३–५।

मेइ, ज्याकोब ली.. सन् २००१), *प्राग्म्याटिक्स : एन इन्टोइक्सन,* युएसए, यु.के.: ब्ल्याकवेल।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५९), *भाषाविज्ञान* (दो.सं.), कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज।

लाल, बसन्त कुमार (सन् १९१०), *समकालीन पाश्चात्य दर्शन,* दिल्ली : मोतीलाल बनारसीदास ।

लेभिन्सन, स्टेफेन सी. (सन् २०१०), *प्राग्म्याटिक्स,* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

सर्ल.जे.आर (सन् १९६९), *स्पीच एक्ट : एन एस्से इन द फिलोसफी अफ ल्याङ्वेज,* न्यूयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

हर्फोड, जेम्स आर र अन्य (सन् २००९), *सिमेन्टिक्स, न्यूयोर्क,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

ह्यालिडे र हसन (सन् १९९१), *ल्याङ्वेज, कन्टेन्ट एण्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्वेज इन अ सोसियल सिमेन्टिक पर्सपेक्टिभ,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।